# शिवालय खानेपानी उपभोक्ता तथा  सरसफाई संस्थाको निर्वाचन कार्यविधि तथा नियमावली -२०६९ को मस्यौदा

(शिवालय खानेपानी उपभोक्ता तथा सरसफाई संस्थाको विधान २०५७ (संशोधन सहित २०६७) का आधारमा तयार पारिएको)

**शिवालय खानेपानी उपभोक्ता तथा सरसफाई संस्थाको विधान २०५७ को परिच्छेद ७ को दफा ७.२.२ र परिच्छेद ११ को दफा ११.४ ले दिएको अधिकार प्रयोग गरी शिवालय खानेपानी उपभोक्ता तथा सरसफाई संस्थाको यो निर्वाचन कार्यविधी तथा नियमावली तयार गरी लागु गरिएको छ।**

## १. सक्षिप्त नाम र प्रारम्भ :

१) यस नियमावलीको नाम शिवालय खानेपानी उपभोक्ता तथा सरसफाई संस्थाको निर्वाचन कार्यविधि तथा नियमावली- २०६९ रहेको छ।

२) यो नियमावली तुरुन्त लागु हुनेछ।

३) यो कार्यविधि तथा नियमावली शिवालय खानेपानी उपभोक्ता तथा सरसफाई संस्थाको कार्य समितिको निर्वाचन  प्रयोजनका लागि लागु हुनेछ।

## २. परिभाषा :

विषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा :-

**१) विधान :** भन्नाले शिवालय खानेपानी उपभोक्ता तथा सरसफाई संस्थाको विधान २०५७ (सशोधन सहित २०६७) सम्झनुपर्छ।

**२) निर्वाचन :** भन्नाले विधानको परिच्छेद ७ तथा यस निर्वाचन कार्यविधि तथा नियमावली बमोजिम सम्पन्न हुने निर्वाचन सम्झनुपर्छ।

**३) निर्वाचन संयोजक :** भन्नाले निर्वाचन सम्बन्धी विषयमा संस्थाको विधान बमोजिम निर्वाचन गराउन निर्धारित जिम्मेवार व्यक्ति सम्झनुपर्छ।

**४) उम्मेदवार** : भन्नाले संस्थाको कार्य समितिको निर्वाचनमा संस्थाको विधान बमोजिम उम्मेद्वार हुन नामाङ्कन दाखिला गरेको सम्बन्धित पदाधिकारी र सदस्यहरु सम्झनुपर्छ।

**५) संस्था** : भन्नाले शिवालय खानेपानी उपभोक्ता तथा सरसफाई संस्था कुश्मा पर्वतलाई सम्झनुपर्छ।

**६) मतदाता** : भन्नाले आफ्नो नाममा खानेपानीका धारा जडान गर्ने स्विकृति लिई नियमानुसार मासिक शुल्क बुझाएको र संस्थाको विधान बमोजिम साधारण सदस्यता ग्रहण गरेको तथा कुनै बाँकी बक्यौता नरहेका सम्बन्धित धारा धनी वा व्यक्तिलाई सम्झनुपर्छ।

**७) पदाधिकारी :** भन्नाले शिवालय खानेपानी उपभोक्ता तथा सरसफाई संस्थाको विधान २०५७ बमोजिम कार्यसमितिका अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष, सदस्यहरु र परिच्छेद ७ को दफा ७.१.१(ङ) बमोजिमका कम्तीमा तिन महिला सदस्यहरु समेतलाई बुझाउँदछ।

**८) तोकिए बमोजिम :** भन्नाले कार्यसमितिबाट तोकिएबमोजिम भन्ने सम्झनुपर्छ। तर कार्य समितिबाट नतोकिएको अवस्थामा यस नियमावलीको प्रयोजनका लागि निर्वाचन संयोजक वाट तोकिए बमोजिम भन्ने सम्झनुपर्छ।

९) **कर्मचारी** : भन्नाले संस्थाको विधानको परिच्छेद १ को दफा १.२.२३ र विधान अन्तरगत रही कार्यान्वयनमा आएको नियम बमोजिम मासिक वा दैनिक तलब वा ज्याला पाउने गरी नियुक्त यस संस्थाका कर्मचारी सम्झनुपर्छ ।

१०) **निर्वाचन समिति** : भन्नाले संस्थाको कार्य समिति निर्वाचन प्रयोजनका निम्ति संस्थाको विधान २०५७ को परिच्छेद ७ को दफा ७.२.१ बमोजिम जिल्ला प्रशासन कार्यालय संयोजक, जिल्ला निर्वाचनको कार्यालय सदस्य सचिव, जिल्ला बिकास समितिको कार्यालय र नगर पालिकाको कार्यालयका प्रतिनिधीहरु सदस्य रहेको चार सदस्सिय निर्वाचन मण्डललाई सम्झनुपर्छ ।

## ३. निर्वाचन सम्बन्धी कार्यविधी :

शिवालय खानेपानी उपभोक्ता तथा सरसफाई संस्थाको निर्वाचन कार्यविधि दोहायबमोजिम हुनेछ :

१) संस्थाको विधानको परिच्छेद ७ को दफा ७.१ र ७.१.१ बमोजिमका पदाधिकारी तथा सदस्य निर्वाचनका लागि यस निर्वाचन कार्यविधि तथा नियमावली २०६९ को परिभाषा २ को बुँदा १० बमोजिम चार सदस्सिय निर्वाचन समिति गठन गरिनेछ । निर्वाचन समितिका सदस्यहरुको काम निर्वाचन संयोजकलाई सघाउनु हुनेछ ।

२) निर्वाचन समाप्त भएर निर्वाचन परिणाम घोषणा भई निर्वाचित भएको प्रमाणपत्र बितरण गरेपछि अर्को निर्वाचन नभएसम्मका लागि सम्बन्धित निर्वाचन समितिहरु स्वत: खारेज हुनेछन् ।

३) निर्वाचन समितिले अनुसूची १ बमोजिमका पदाधिकारी तथा सदस्यहरुको निर्वाचन हुने मिति, स्थान, समय र सो सम्बन्धी कार्यक्रम (अनुसूचि २ बमोजिम) र मतदाता नामावली (अनुसूची ३ बमोजिम) निर्वाचन हुने मितिभन्दा तीन दिन अगावै सम्बन्धित कार्यालय वा निर्वाचन गरिने स्थानमा सबैले देख्ने ठांउमा प्रकाशित गरी मुचुल्का उठाउनु पर्नेछ ।

४) संस्थाको कार्य समितिमा विधानको परिच्छेद ७ को दफा ७.१.१ मा उल्लेख भए बमोजिमको पदहरुमा निर्वाचन कार्यविधि तथा नियमावली २०६९ को परिभाषाको (७) मा उल्लेख भए बमोजिमका पदाधिकारी तथा सदस्यहरुको निर्वाचन गरिनेछ ।

५) कार्य समितिका सदस्यहरुको संख्या ९ जनाको हुनेछ ।

६) कार्य समितिको निर्वाचन गोप्य मतदानद्वारा हुनेछ ।

७) निर्वाचन एक व्यक्ति एक मत प्रणालीको आधारमा हुनेछ र सम्बन्धित पदहरुमा सबैभन्दा बढी मत प्राप्त गर्ने व्यक्ति निर्वाचित भएको घोषणा गरिनेछ ।

८) निर्वाचनमा बरावर मत भएमा गोला प्रथाद्वारा निर्वाचित भएको घोषणा गरिनेछ ।

९) कार्य समितिको कार्यकाल तिन वर्षको हुनेछ ।

१०) कुनै पदमा उम्मेदवार हुने व्यक्तिले निर्वाचन सम्बन्धि कामका लागि आफै उपस्थित हुन वा आफ्नो प्रतिनिधि

(वारिस) तोक्न सक्नेछ । तर निर्वाचनका समयमा उम्मेदवार वा निजको प्रतिनिधि उपस्थित नभए पनि निर्वाचनको काम रोकिने छैन ।

११) मत गणनाको समयमा सम्पूर्ण उम्मेदवार वा निजहरुले इच्छाएका प्रतिनिधिहरु मतपेटिका खोलिनु पूर्व मतगणना स्थलमा निर्वाचन समितिका संयोजकले तोकेको समयमा उपस्थित हुनु सबैको कर्तव्य हुनेछ तर कुनै उम्मेदवार स्वयं वा निजको प्रतिनिधि मतगणना स्थलमा उपस्थित नभए पनि मत गणना र निर्वाचन परिणाम घोषणाको कार्य रोकिने छैन ।

१२) निर्वाचन सम्बन्धि कुनै समस्या देखापरेमा निर्वाचन समितिको संयोजकको निर्णय अन्तिम हुनेछ ।

१३) निर्वाचन संयोजकलाई मतदाता नामावली उपलब्ध गराउने काम संस्थाको कार्यालयको हुनेछ ।

१४) निर्वाचन कार्यक्रम प्रकाशित भएपछि तत्सम्बन्धि तोकिएको समयभित्र मतदाता नामावलीमा कसैको दावी बिरोध पर्न आई सच्याउनु पर्ने भएमा निर्वाचन संयोजकले कारण खोली सच्याई अन्तिम मतदाता नामावली प्रकाशित गर्नु पर्नेछ ।

१५) निर्वाचन समितिले मतदाता संख्याको विचार गरी एक वा सो भन्दाबढी मदतान केन्द्र कायम गरी निर्वाचन गराउन सक्नेछ ।
१६) कार्य समितिका लागि उम्मेदवारहरुले उम्मेदवार हुंदा र मतदान गर्दा संस्थाले जारी गरेको परिचयपत्र अनिवार्य रुपमा लगाउनु पर्नेछ । परिचय पत्रमा ग्राहक नं. मतदाता कम संख्या, मतदाताको पुरा नाम थर ठेगाना, नागरिकता प्र. प. नं., फोटो, खानेपानी संस्थाको छाप र आधिकारिक व्यक्तिको दस्तखत अनिवार्यरुपमा हुनु पर्नेछ । आवश्यक परे संस्थाले मतदाता परिचय पत्र समेत जारी गर्न सक्नेछ ।
१७) मनोनयन पत्र अनुसूची ४ मा तोकिए बमोजिमको ढांचामा हुनेछ र सोही ढांचा बमोजिमको मनोनयन पत्र भरी उम्मेद्वार हुन चाहने व्यक्तिले निर्वाचन समिति समक्ष दर्ता गराउनु पर्नेछ । दर्ता नभएको मनोनयनपत्र मान्य हुने छैन ।

## ४. निर्वाचनका लागि बन्देज :

देहाएका व्यक्तिहरुलाई निर्वाचनमा उम्मेदवार हुन बन्देज हुनेछ :
१) निर्वाचन समितिका संयोजक र सदस्यहरु
२) बिदेशी नागरिक
३) सरकारी कार्यालय र सरकारी लगानी तथा स्वामित्व भएका स्थानीय, राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाहरु
४) निजी धाराको हक भोग त्याग गरेर अर्को व्यक्तिको नाममा धारा नाम सारी गरिदिनहुन भनी स्वैच्छाले निवेदन दिई नामसारीको प्रकृयामा रहेका धारा धनीहरु र संस्थाको बिधान २०५७ को परिच्छेद ७ को दफा ७.२.३ ले बन्देज गरेका व्यक्तिहरु ।
५) धारा जडान गरिपाउन तोकिए बमोजिमको रकम संस्थामा बुझाएका तर प्राविधिक कारणबाट अथवा व्यक्ति स्वयम्का कारणबाट ढिलाई हुन गई धारा जडान हुन बांकी भई लगत कायम भएका धारा धनि अथवा आफ्नो नाममा महशुल बुझाएको रसिद नपाएका व्यक्तिहरु पनि उम्मेदवार हुन र मतदान गर्न पाउने छैनन् ।
६) संस्थाका कुनै पनि तह वा पदका स्थायी, अस्थायी, करार, दैनिक ज्यालादारी वा मासिक ज्यालादारी रुपमा नियुक्त कर्मचारीहरु उम्मेदरवार बन्न पाउने छैनन् । तर निर्वाचन समितिको सहयोगी सदस्य हुन र मतदाता नामावलीमा निजको नाम समावेश छ भने मतदान कार्यमा सहभागिता जनाउन यस प्रावधानले कुनै बाधा पुऱ्याएको मानिने छैन ।

## ५. उम्मेदवारको नामाङ्कन

उम्मेदवारको मनोनयन सम्बन्धि व्यवस्था निम्नानुसार हुनेछ :
१) निर्वाचनमा उम्मेदवार हुन चाहने व्यक्तिले रिक्त स्थान मध्ये कुन पदको लागि उम्मेदवार हुन चाहेको हो सो पद समेत स्पष्ट खोली एक-एक जना मतदाताबाट प्रस्ताव र समर्थन गराई आफैं उपस्थित भई वा अख्तियार प्राप्त वारिस पठाई तोकेको ढाँचामा तोकेको मिति, स्थान र समयभित्र उम्मेदवारी दस्तुर ( अनुसूची ५) सहित निर्वाचन संयोजक समक्ष नामाङ्कन पत्र पेश गर्नु पर्नेछ ।

२) एक जनाले एक पदमा मात्र नामाङ्कन पत्र दाखिला गर्न सक्नेछ ।
३) निर्वाचन अधिकारीद्वारा उम्मेदवारले दाखिला गरेको नामाङ्कन रीत नपुगेको भए सच्याउन उचित मौका दिईनेछ र रीत पुगेको भए दर्ता गरिनेछ ।
४) उम्मेदवारी नामाङ्कन फिर्ता (अनुसूची ६ बमोजिम ) लिन निर्वाचन अधिकारी समक्ष उम्मेदवार आफै उपस्थित भई वा वारिस मार्फत निवेदन दिनु पर्नेछ । उम्मेदवारी फिर्ता लिनेको उम्मेदवारी दस्तुर फिर्ता हुने छैन ।
५) एउटै पदका एक भन्दा बढी उम्मेदवारलाई प्रस्ताव वा समर्थन गरिएमा त्यस्ता नामाङ्कन मध्ये पहिलो दर्ता भएको नामाङ्कनलाई मात्र मान्यता दिईनेछ । पछिल्ला दर्ता नम्बर भएका नामाङ्कन पत्रलाई मान्यता दिइनेछैन ।

## ६. उम्मेदवारको नामावली प्रकाशन

उम्मेदवारको नामावली प्रकाशन सम्बन्धी व्यवस्था देहाए बमोजिम हुनेछ :

१) निर्वाचन संयोजकले नामाङ्कनपत्रको जाँचबुझ गरेपछि उम्मेदवारको पहिलो नामावली प्रकाशन गर्नेछन् ।

२) कुनै उम्मेदवार हुन अयोग्य व्यक्ति उम्मेदवार भएमा तोकिएको समयभित्र मतदाता वा उम्मेदवारले कारण खुलाई (अनुसूची ७) बमोजिम सो सम्बन्धि दावी विरोध निर्वाचन संयोजक समक्ष गर्न सक्नेछ ।

३) दावी विरोध गर्ने समय सकिए पछि त्यस उपर निर्वाचन संयोजकद्वारा नामाङ्कन पत्र र तत्सम्बन्धी आवश्यक प्रमाणपत्रको जांच बुझ गरी हटाउनु पर्ने उम्मेदवारको नाम हटाई बाँकी रहन आउने उम्मेदवारको संशोधित नामावली प्रकाशन गरिनेछ ।

४) तोकिएको समयमा कुनै उम्मेदवारले नाम फिर्ता लिएमा सो नाम हटाई बांकी उम्मेदवारहरुको अन्तिम नामावली प्रकाशन गरिनेछ ।

## ७. निर्विरोध विजयी भएको घोषणा

रिक्त स्थान जति वा सोभन्दा कम उम्मेदवार कायम हुन आएमा निर्वाचन संयोजकले यस नियमावलीको अधिनमा रही बांकी रहन आएका उम्मेदवारलाई तुरुन्त निर्विरोध निर्वाचित भएको घोषणा गर्नेछन् ।

## ८. निर्वाचन चिन्ह बितरण

निर्वाचन अधिकारीले आवश्यक ठानेमा सबैले चिन्न सक्ने प्रष्ट र सरल चिन्हहरु निर्वाचन प्रयोजनका लागि उम्मेदवारहरुलाई वितरण गर्न सक्नेछन् । यदि निर्वाचन अधिकारीले निर्वाचन चिन्हको आवश्यक नठानेमा उम्मेदवारको नामलाई नै निर्वाचन चिन्हको रुपमा प्रयोग गर्न सक्नेछन् ।

## ९. मतदान क्षेत्रको घोषणा

मतदान क्षेत्रको घोषणा सम्बन्धी व्यवस्था देहाएबमोजिम हुनेछ :

१) मतदान सुरु हुनु भन्दा अघि निर्वाचन संयोजकले मतदान क्षेत्र र समय निर्धारण गर्न सक्नेछन ।

२) निर्वाचन अधिकारीले औचित्य हेरी निश्चित समयपछि निर्वाचन प्रचार प्रसारमा रोक लगाउन सक्नेछन ।

३) निर्वाचन वा मतदान क्षेत्र भित्र कुनै किसिमको प्रचार वा होहल्ला गर्न पाइने छैन ।

४) उप दफा ३ बमोजिमको क्षेत्रमा प्रचार भएमा वा होहल्ला भएमा निर्वाचन अधिकारीले त्यसो नगर्न चेतावनी दिन सक्नेछन् तर सो चेतावनीको बेवास्ता गरी अटेर गरेमा आवश्यक जरिवाना सहित निर्वाचन क्षेत्रबाट निष्काशन गर्न सक्नेछन् ।

## १०. मतपत्रको व्यवस्था

निर्वाचन निर्विरोध नभएमा निर्वाचन समितिले वर्णानुक्रमका आधारमा पदाधिकारी तथा सदस्य एवं प्रतिनिधिहरुको नाम र मतदान गर्ने कोठा (आवश्यक ठाने निर्वाचन चिन्ह समेत) भएको (अनुसूची ८ बमोजिमको) मतपत्र छपाई प्रयोगमा ल्याउनेछ । तर निर्विरोध निर्वाचित भएको पद र उम्मेदवारहरुको नाम भने मतपत्रमा समावेश गरिने छैन ।

## ११. मतदान :

१) मतदानद्वारा उम्मेदवारको निर्वाचन गर्नुपर्ने अवस्था आएमा निर्वाचन अधिकारीले तोकिएको मिति, स्थान र समयमा गोप्य मतदान गराउनेछन् ।

२) हिंसात्मक हुल दङ्गा वा प्राकृतिक विपत्ति वा निर्वाचन क्षेत्र भित्र काबु बाहिरको परिस्थिति उत्पन्न भएको अवस्थामा र कुनै उम्मेदवारको मृत्यु भई सो कुराको जानकारी निर्वाचन अधिकारी समक्ष मतदान प्रारम्भ हुनु अगावै जानकारी प्राप्त भएमा सो पदको लागि हुने मतदान स्थगित गरी उम्मेदवारको दरखास्त लगायतको नयाँ कार्यक्रम पुनः प्रकासन र कार्यान्वयन गर्नु गराउनु पर्दछ ।
३) मतदानमा कुनै अनियमितता भएको शंका भएमा निर्वाचन संयोजकले सोको व्यवस्थापन गर्न, अशक्त मतदाताहरुलाई विशेष व्यवस्था गर्न सक्नेछ ।
४) कसैले मतदानमा नाम ढाँटी मत दिन आएमा आवश्यक दण्ड जरिमाना गरी निर्वाचन क्षेत्र बाहिर निकाल्न सक्नेछ ।

## १२. सदर मत

निर्वाचनमा प्रयोग भएका देहाएका मत मात्र सदर हुनेछन् :
१) निर्वाचन अधिकारीले हस्ताक्षर गरेको वा निजको हस्ताक्षरको छाप लगाएको मतपत्र
२) उम्मेदवारको नाम पछि वा निर्वाचन चिन्ह भएको कोठामा मत संकेत लगाईएको
३) तोकिएको पदमा मात्र मत दिएको

## १३. बदर मत

१) निर्वाचन अधिकारीको हस्ताक्षर वा निजको हस्ताक्षरको छाप नलगाईएको
२) तोकिएको स्थानमा मत संकेत नगरेको
३) तोकिएको भन्दा बढीलाई मत दिएको भए सम्बन्धित पदको मत बदर गरिने छ ।
४) मत संकेत स्पष्ट नभएको
५) मत पत्रमा अनावश्यक कुरा लेखिएको, च्यातिएको, प्वाल परेको, वा अन्य कुनै संकेत गर्ने किसीमका बस्तुहरु राखिएको

## १४. मतगन्ती र निर्वाचन परिणामको घोषणा

१) मत गणनाको समय निर्वाचन संयोजकले निर्धारण गरी सूचना प्रकाशित गर्नेछ । तर मतगन्ती तत्काल हुन नसक्ने स्थिति भएमा उम्मेदवार तथा निजका प्रतिनिधिहरुको रोहवरमा मतपेटीका सुरक्षाकर्मीको जिम्मामा राखिनेछ र यथाशक्य छिटो मतगणना गराउने प्रबन्ध निर्वाचन संयोजकले मिलाउनु पर्नेछ ।
२) निर्वाचन संयोजकले मतपेटिकामा खसेको सम्पूर्ण मतपत्र उम्मेदवार वा निजको प्रतिनिधि समक्ष सदर र बदर मत छुट्ट्याई सदर मतमात्र गणना गर्नेछ ।
३) सदर र बदर मतलाई अलग अलग गरी एउटै मत पेटिका, झोला वा ब्यागमामा राखेर शिलबन्द गरिनेछ ।

## १५. मुचुल्का गराउनु पर्ने

१) निर्वाचनका कार्यक्रम प्रकाशित भएपछि निर्वाचनको मत गणना नहोउन्जेल सम्मका सम्पूर्ण कामहरुमा अनुसूची ९ मा भए बमोजिमका मुचुल्काहरु गराई उम्मेदवार तथा निजका प्रतिनिधिहरुमध्ये वा मतदाताहरु मध्ये कम्तीमा पनि तीन जनाको हस्ताक्षर गराई राख्नु पर्नेछ ।

## १६. बिबिध

१) निर्वाचन संयोजकले यो कार्यविधी तथा नियमावलीको अधिनमा रही निर्वाचन गराउनु पर्नेछ ।
२) निर्वाचनको घोषणा र प्रमाणपत्र वितरण (अनुसूची १०) तथा सपथको कार्यक्रम संस्थासंग समन्वय गरी यथाशक्य छिटो राख्नु पर्नेछ ।
३) निर्वाचन सम्बन्धी सम्पूर्ण अभिलेख संस्थाले कम्तीमा एक वर्षसम्म सुरक्षित राख्नु पर्नेछ ।
४) धारा धनी नावालक भएमा उसको संरक्षकले नावालकको उपस्थितिमा मतदान गर्न पाउने छ ।

१७. संस्थाको कार्य समिति पदाधिकारी तथा सदस्यहरुको निर्वाचन देहाए बमोजिम गरिनेछ ।

शिवालय खानेपानी उपभोक्ता तथा सरसफाई संस्थाको कार्यसमिति निर्वाचन प्रयोजनका लागि मतदाता सूचीमा नाम उल्लेख भएका मतदाताहरुले जलस्रोत ऐन २०४९ र खानेपानी नियमावली २०५५ को नियम ६ को उपनियम १ अन्तर्गत दर्ता भएको शिवालय खानेपानी उपभोक्ता तथा सरसफाई संस्थाको कार्य समिति निर्वाचनमा गोप्य मतदानद्वारा एक व्यक्ति एक मत र बढीमत प्राप्त गर्ने व्यक्तिले विजयी हुने सिद्धान्तका आधारमा अनुसूची १ मा उल्लेखित संख्याका पदाधिकारी एवं सदस्यहरुको निर्वाचन गर्नेछन् ।

## अनुसूचि-१

कार्य समितिका पदाधिकारी एवं सदस्यहरुको संख्या निम्न बमोजिम कायम गरिएको छ ।

अध्यक्ष : १

उपाध्यक्ष : १

सचिव : १

कोषाध्यक्ष : १

महिला सदस्य : ३

सदस्य : २

गरि जम्मा ९ जना

# अनुसूची-२

## निर्वाचन कार्यक्रम

शिवालय खानेपानी उपभोक्ता तथा सरसफाई संस्थाको विधान २०५७ संशोधन सहित २०६७ र सो अन्तर्गत बनेको निर्वाचन कार्यविधि तथा नियमावली २०६९ बमोजिम तोकिएका पदमा निर्वाचन गरिने भएकाले सम्बन्धित सबैको जानकारीका लागि यो निर्वाचन कार्यक्रम प्रकासित गरिएको व्यहोरा सूचित गरिन्छ ।

| क्र.सं. | कार्यक्रम | मिति | समय |
|---|---|---|---|
| १ | निर्वाचन कार्यक्रम प्रकाशन | | |
| २ | मतदाता नामावली प्रकाशन | | |
| ३ | मतदाता नामावलीमा नाम थप तथा संशोधनका लागि आवेदन दर्ता | | |
| ४ | आवेदन उपर जाचबुझ तथा संशोधन नामावली प्रकाशन | | |
| ५ | मतदाता नामावली उपर दावी बिरोध | | |
| ६ | दावी बिरोध उपर जाचबुझ तथा मतदाताको अन्तिम नामावली प्रकाशन | | |
| ७ | उम्मेदवारको मनोनयन पत्र दर्ता | | |
| ८ | उम्मेदवारको प्रथम नामावली प्रकाशन | | |
| ९ | उम्मेदवारी मनोनयनपत्र माथि दावी विरोध | | |
| १० | दावीविरोध उपर जाचबुझ तथा उम्मेदवारको संशोधित नामावली प्रकासन | | |
| ११ | उम्मेदवारले नाम फिर्ता लिने | | |
| १२ | उम्मेदवारको अन्तिम नामावली प्रकासन | | |
| १३ | मतदान | | |
| १४ | मत गणना | | |

नोट : मतदान केन्द्र, मत गणना र मत परिणामको सूचना पछि प्रकाशित गरिनेछ ।

........................

संयोजक

निर्वाचन संयोजकको कार्यालय

## अनुसूची–३

.................................... नामावली प्रकासन

**नामावली प्रकासन गरिएको सूचना**

यही ............... साल ................ महिना ......... गते शिवालय खानेपानी उपभोक्ता तथा सरसफाई संस्था कुश्माको कार्यसमिति निर्वाचनको प्रयोजनका लागि मतदाता नामावली । संशोधित नामावली । उम्मेदवारको नामावली । ..............................। तपसिल बमोजिम प्रकासन गरि आज मिति ................ समय ............ बजे यस निर्वाचन समितिको कार्यालयमा तपसिल बमोजिम प्रकासित गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकासित गरिएको छ ।

मतदाता नामावलीको नमूना

| क्र.सं. | नाम थर | परिचयपत्र नं./ग्राहक नं. | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

.................................

निर्वाचन संयोजकको सही

# अनुसूची ४
## मनोनयन पत्रको नमुना

**श्री निर्वाचन संयोजक ज्यू,**
**निर्वाचन समितिको कार्यालय**
**शिवालय खानेपानी उपभोक्ता तथा सरसफाई संस्था पर्वत**

विषय : ...................... पदमा उम्मेदवार हुन पाउ भन्ने

महोदय,

यही ........ साल ............ महिना ........... गते.................. सम्पन्न हुने शिवालय खानेपानी उपभोक्ता तथा सरसफाई संस्थाको विधान २०५७ र सो अन्तरगत बनेको निर्वाचन कार्यविधि तथा नियमावली २०६९ बमोजिम म ......................... पदमा उम्मेदवार हुन चाहेकोले मेरो उम्मेदवारीमा प्रस्ताव तथा समर्थन गर्ने प्रस्तावक र समर्थकको दस्तखत समेत गराई नियम बमोजिमको दरखास्त दस्तुर रु ................ पनि यसैसाथ संलग्न राखि निवेदन दिएकोछु ।
निर्वाचित भएमा संस्थाको विधान बमोजिम काम गर्नेछु ।

**उम्मेदवारको विवरण**

१) नाम थर :
२) ठेगाना : उम्मेदवारको सही :
३) मतदाता क्रम संख्या: मिति :

**प्रस्तावकको बिवरण**

१) नाम थर :
२) ठेगाना : प्रस्तावकको सही :
३) मतदाता क्रम संख्या : मिति :

समर्थकको विवरण

१) नाम थर :
२) ठेगाना : समर्थकको सही :
३) मतदाता क्रम संख्या : मिति :

# अनुसूची ५
## उम्मेदवारी दस्तुर

कार्यसमिति उम्मेदवारी दस्तुर
मूल समिति
अध्यक्ष रु .......
उपाध्यक्ष रु .......
सचिव रु ...........
कोषाध्यक्ष रु............
सदस्य जनही रु.......
उम्मेदवारी दस्तुर सम्बन्धमा कार्य समितिको निर्णयानुसार हुनेछ ।

## अनुसूची ६

नामांकन फिर्ता लिने निवेदनको नमूना

श्री निर्वाचन संयोजक ज्यू,
निर्वाचन संयोजक कार्यालय
शिवालय खानेपानी उपभोक्ता तथा सरसफाई संस्था कुश्मा, पर्वत

विषय : नामांकन फिर्ता पाउ भन्ने

महोदय,

यही .......... साल ........ महिना .......... गते ........ सम्पन्न हुने शिवालय खानेपानी उपभोक्ता तथा सरसफाई संस्थाको बिधान २०५७ र सो अन्तरगत बनेको निर्वाचन कार्यविधि तथा नियमावली २०६९ बमोजिम म ................................................ पदमा उम्मेदवार हुन नामांकन दर्ता गरिएकोमा म उक्त पदमा उम्मेदवार हुन नचाहेकाले मेरो नामांकन पत्र फिर्ता गरिदिन हुन अनुरोध गर्दछु ।

निवेदकको नाम थर :
मतदाता क्रम संख्या :
मिति :
समय :
सही :

## अनुसूची ७

**दावी बिरोधको नमूना**

श्री निर्वाचन संयोजक ज्यू,
निर्वाचन समितिको कार्यालय
शिवालय खानेपानी उपभोक्ता तथा सरसफाई संस्था कुश्मा, पर्वत

विषय : दावी बिरोध सम्बन्धमा

महोदय,

शिवालय खानेपानी उपभोक्ता तथा सरसफाई संस्था कुश्माको कार्यसमिति निर्वाचनको लागि ............ पदका उम्मेदवार श्री ............................................ निम्न लिखित कारणले उम्मेदवार हुन अयोग्य भएकाले निजको हकमा दर्ता भएको नामांकन पत्र / मतदाता नामावली पत्रमा भएको नाम बदर गरिदिनुहुन यो उजुरी पेश गरेको छु ।

कारण : ...............................................................................

उजुरी दिने मतदाता /उम्मेदवार वा निजको वारेसको दस्तखत :
नाम थर : मतदाता नम्बर : ..........
मिति :
समय :

# अनुसूची ८

## मतपत्रको नमूना

## शिवालय खानेपानी उपभोक्ता तथा सरसफाई संस्था कुश्मा, पर्वत

आफुले रोजेको उम्मेदवारको नाममा/ तोकिएको निर्वाचन चिन्हमा (√) लगाई मत संकेत गर्नुहोस ।

| क्रं सं. | उम्मेदवारको नाम | निर्वाचन चिन्ह | (√) चिन्ह लगाउनुहोस |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

* द्रष्टव्य :- निर्वाचन हुने पद भन्दा बढि कोठामा मत संकेत भएमा मतपत्र बदर हुनेछ ।

**निर्वाचन संयोजकको सही** ...........　　　　　　　　**मिति :** ..............................

# अनुसूची ९

मुचुल्काको नमूना

शिवालय खानेपानी उपभोक्ता तथा सरसफाई संस्था कुश्मा, पर्वत

कार्यसमितिको निर्वाचनका लागि

निर्वाचन संयोजकको कार्यालय

................. गरेको मुचुल्का

यही २०......... साल ........ महिना........ गते ........... का दिन सम्पन्न भएको/हुने कार्यसमितिको निर्वाचनका लागि आज मिति ........ का दिन ......... बजे .................... मतपेटिका........................../परिणाम प्रकाशन गर्ने काम हाम्रो रोहवरमा रितपूर्वक भएकाले लाह छाप लगाई सूचना टांस भएको ठीक साचो हो ।

तपसिल

१) श्री ........... वा निजको प्रतिनिधि .................................

२) श्री ........... वा निजको प्रतिनिधि .................................

३) श्री ........... वा निजको प्रतिनिधि ..................................

समय ..................

मिति..................

..................

निर्वाचन संयोजक

## अनुसूची १०
### प्रमाणपत्रको नमुना
### शिवालय खानेपानी उपभोक्ता तथा सरसफाई संस्थाको
कार्यसमिति निर्वाचनका लागि
निर्वाचन संयोजकको कार्यालय,

यस शिवालय खानेपानी उपभोक्ता तथा सरसफाई संस्था कुश्मा पर्वतको कार्य समिति निर्वाचनको लागि मिति ..................... मा सम्पन्न भएको निर्वाचनमा तपाई श्री................................................ पदमा निर्वाचित हुनु भएकाले सफल कार्यकालका लागि हार्दिक बधाईका साथ यो प्रमाण पत्र–प्रदान गरिएको छ ।

____________________
निर्वाचन संयोजकको सही

:

नाम :
मिति :